नेपाल सरकार
शिक्षा मन्त्रालय
# शिक्षा विभाग
(..................................................शाखा)
सामुदायिक विद्यालय व्यवस्थापन

सानोठिमी, भक्तपुर

पत्र संख्या :- ०७४/०७५
चलानी नं. :- ४६२

मिति : २०७४/०३/१८

**विषय: कक्षा ११/१२ सञ्चालन, विषयसमुह तथा विषय थपको अनुमति सम्बधमा ।**

श्री जिल्ला शिक्षा कार्यालय, ७५ वटै ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७४/०७५ देखि कक्षा ११/१२ सञ्चालन, विषयसमुह र विषय थप अनुमतिका लागि आवेदन दिने विद्यालयहरुका सम्बन्धमा तपशिल बमोजिम गर्नुहुन मिति २०७४/०३/१६ को निर्णयानुसार अनुरोध गरिन्छ।

तपशिल

१. शिक्षा मन्त्रालयको मिति २०७३।१२।३ को निर्णय (मा. मन्त्रीस्तर) मा रहेका प्रावधान तथा कक्षा ११ र १२ का लागि स्वीकृत पाठ्यक्रम तथा प्रचलित ऐन नियमावलीमा रहेका प्रावधान अनुसारका कागजात समावेश गरि जिल्ला शिक्षा कार्यालय र क्षे शि नि बाट सिफारिस भई आएका विद्यालयहरुलाई तालिकामा उल्लेखित कक्षा, विषयसमुह र विषय थप अनुमति दिन उपयूक्त भएकोले संलग्न सूचिमा रहेको निर्णय नं. १ अनुसारका विद्यालयहरुलाई सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट जिल्ला शिक्षा अधिकारीले अनुमति प्रदान गर्ने।

२. शिक्षा मन्त्रालयको मिति २०७३।१२।३ को निर्णय (मा. मन्त्रीस्तर) मा रहेका प्रावधान, कक्षा ११ र १२ को लागि स्वीकृत पाठ्यक्रम तथा प्रचलित ऐन नियमावलीमा रहेका प्रावधान अनुसारका केही कागजात पुरा नभएको देखिएका संलग्न सूचिमा रहेको निर्णय नं. २ मा रहेका विद्यालयहरुको हकमा कैफियत महलमा उल्लेख गरिए अनुसारका प्रावधान र कागजात पुरा गरे पछि मात्र अनुमति प्रदान गर्न सकिने भएकोले संम्बन्धित जिल्ला शिक्षा कार्यालयमा कैफियत महलमा उल्लेखित कागजात र प्रमाण प्राप्त भएपछि मात्र जिल्ला शिक्षा अधिकारीले अनुमति प्रदान गर्ने।

३. शिक्षा मन्त्रालयको मिति २०७३।१२।३ को निर्णय (मा. मन्त्रीस्तर) मा रहेका प्रावधान तथा कक्षा ११ र १२ का लागि स्वीकृत पाठ्यक्रम तथा प्रचलित ऐन नियमावलीमा रहेका प्रावधान पुरा गरेको नदेखिएका संलग्न सूचिमा रहेको निर्णय नं. ३ मा रहेका विद्यालयहरुलाई कक्षा ११ र १२ अनुमति, विषय समुह र विषय थप नगर्ने।

४. उपरोक्तानुसार निर्णय कार्यान्वयनका लागि तपशिल अनुसारका प्रावधान तथा प्रकृया पुरा गरि अनुमति प्रदान गर्ने।

   १. कक्षा ११ र १२ को अनुमति दिंदा कक्षा ११ र १२ को पाठ्यक्रममा रहेको प्रावधान अनुसारका अनिवार्य विषय, विषय समूह अनुसार उल्लेख गरी ऐच्छिक विषयको हकमा विद्यालयको मागका आधारमा शिक्षा विभागबाट संलग्न सूचीमा समावेश गरिएअनुसार विषय उल्लेख गरि अनुमती दिनुपर्ने छ।

फोन नं. : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३६७५, ६६३३०२८, फ्याक्स नं. : ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइट : www.doe.gov.np, इमेल : doestat@mos.com.np, doedg@mos,.com.np

नेपाल सरकार
शिक्षा मन्त्रालय
शिक्षा विभाग
(..................................शाखा)

पत्र संख्या :- २०७४/७५
चलानी नं. :- ४६२

सानोठिमी, भक्तपुर

२. आवेदन फाराममा माग भए अनुसारका विषय सञ्चालनका लागि संलग्न सूचीको कैफियत महलमा **शिक्षक नभएको** भनी उल्लेख भएअनुसार विषय शिक्षकको व्यवस्था नदेखिएका विद्यालयको हकमा सम्बन्धित विषयमा स्नातकोत्तर योग्यता हासिल गरेका शिक्षकको शैक्षिक प्रमाणपत्र/समकक्षता, ३ वर्ष सम्म विद्यालयमा अध्यापन गराउने सम्बन्धी कवुलियतनामा तथा नेपाली नागरिकताको प्रमाणित प्रतिलिपी पेश गर्नुपर्ने छ।

३. कक्षा ११ र १२ को स्वीकृत पाठ्यक्रम बमोजिम विषय समूह अन्तर्गतका ऐच्छिक विषयको माग नमिलेका विद्यालयहरुलाई उक्त पाठ्यक्रमको प्रावधान अनुसारका ऐच्छिक विषय छनौट गर्न ईच्छुक भएमा छनौट गर्न लगाई सो सम्बन्धी अन्य आवश्यक कागजातहरु पुरा भएपछि मात्र अनुमति प्रदान गर्ने। यसरी विषय छनैट गर्दा विद्यालय व्यवस्थापन समितिको निर्णय सहित विद्यालयको पत्र लगायत आवश्यक कागजात तथा प्रावधान पुरा गर्नुपर्ने छ।

४. शैक्षिक शत्र २०७३ वा सो भन्दा अगाडी कक्षा १२ सञ्चालन अनुमति पाई सञ्चालनमा रहेका विद्यालयहरुलाई मात्र माग र पूर्वाधारको आधारमा विषयसमूह तथा विषय थप सञ्चालन गर्न अनुमति दिने।

५. शैक्षिक सत्र २०७३ मा शिक्षा विभागबाट कक्षा ११ को अनुमति प्राप्त विद्यालयहरुको लागि कक्षा ११/१२ को स्वीकृत पाठ्यक्रममा रहेको प्रावधान बमोजिम कक्षा १२ को सञ्चालन अनुमति प्रदान गर्ने।

६. मिति २०७३/१२/०३ को शिक्षा मन्त्रालयको निर्णय (मा.मन्त्रीस्तर) मा रहेको प्रावधान अनुसार विद्यार्थी संख्या नपुग भएका विद्यालयहरुको हकमा अन्य कागजात पुरा भएतापनि कक्षा सञ्चालन अनुमति नदिने। विद्यार्थी संख्याको आधार पुरा नदेखिएको सम्बन्धमा कैफियतमा उल्लेख भएका विद्यालयले मापदण्ड बमोजिम विद्यार्थी संख्या पुरा भएको प्रमाण SEE २०७३ को Ledger पेश गर्नुपर्नेछ।

७. प्राचिन संस्कृत तथा अन्य परम्परागत भाषा साहित्यको सम्वर्द्धनका लागि कक्षा सञ्चालन, विषयसमूह तथा विषय थप गर्न आवेदन दिएका संस्कृत विषय समूह सञ्चालन गर्ने विद्यालयहरुका लागि मात्र तोकिएको विद्यार्थी संख्याको मापदण्ड पुरा गर्ने प्रतिवद्वता पेश भएमा सञ्चालन, विषय समूह तथा विषय थप अनुमति दिने।

८. ०+२ मात्र सञ्चालनमा रहेका संस्थाहरुलाई विगत वर्षहरुमा Down Ward Extention मा जान निर्देशन दिइएकोमा हालसम्म प्रक्रिया शुरु नगरेकाको हकमा गत वर्ष जस्तै विषयसमुह र विषय थप नगर्ने।

फोन नं. : ६६३४१७८, ६६३४१७९, ६६३४१८०, ६६३१०७५, ६६३१९७१, ६६३१९७४, ६६३३३६२५, ६६३३०२८, फ्याक्स नं. : ६६३१९७२, ६६३१९७३, ६६३३६२४
वेभसाइट : www.doe.gov.np, इमेल : doestat@mos.com.np, doedg@mos,.com.np

नेपाल सरकार
शिक्षा मन्त्रालय
# शिक्षा विभाग
(..............................................शाखा)

पत्र संख्या :- २०७४।७८
चलानी नं. :- ४६२

सानोठिमी, भक्तपुर

९. कक्षा ११ मा एक भन्दा बढि विषयसमुह माग गर्ने विद्यालयहरुको हकमा विद्यालयलाई **न्यूनतम विद्यार्थी सङ्ख्या प्रति विषयसमूह तोकिएका दुर्गम तथा पिछडिएका क्षेत्रमा १५ जना, पहाडमा २० जना एवम् काठमाण्डौं उपत्यका र तराईमा ३० जना र विज्ञान विषय सन्चालन गर्ने विद्यालयको हकमा दुर्गम पिछडिएको क्षेत्र र पहाडी जिल्लाका लागि १५ जना तथा काठमाण्डौं उपत्यका र तराईका हकमा २०** जना विध्यार्थी बराबर एक विषयसमुह हुनेगरि छनोट गर्न लगाई आवश्यक कागजात र निर्धारित प्रावधान पुरा गरेमा विषयसमुह अनुमित दिने ।

१०. अनुमति सम्बन्धि कारवाही कक्षा ११/१२ को शैक्षिक सत्र शुरु हुनु भन्दा अगावै सम्पन्न गर्ने ।

११. कैफियत महलमा उल्लेख भएका विषयको सम्बन्धमा सम्बन्धित जि. शि. का. ले कागजात तथा प्रमाण संकलन र प्रमाणिकरण पछाडी अनुमती प्रदान गरिएको भए सबै कागजात सहित विद्यालयगत फाइल र अनुमित प्रदान गरिएका विद्यालयहरुको सष्टिगत विवरण शिक्षा विभाग, सामुदायीक विद्यालय व्यवस्थापन शाखामा पठाउने ।

१२. राष्ट्रिय परीक्षा वोर्ड/तत्कालिन उच्च माध्यमिक शिक्षा परिषद् वा अन्य सरकारी निकायबाट कारवाहीमा परेको वा कारवाही प्रकृयामा रहेको भएमा शिक्षा विभागको सूची र सो बमोजिम जिल्ला शिक्षा कार्यालयबाट दिइएको अनुमित स्वतः खारेज हुनेछ ।

१३. अनुमति पत्रको नमूना संलग्न छ ।

..........................
विष्णु प्रसाद अधिकारी
शाखा अधिकृत

वोधार्थ

श्री क्षेत्रीय शिक्षा निर्देशनालय, ५ वटै । : माथिको व्यहोरा अवगत गर्नु भई सोहि अनुसार कार्यान्वयन तथा अनुगमन गर्नु गराउनु हुन अनुरोध छ ।

# अनुमति पत्रको नमूना

## जिल्ला शिक्षा कार्यालय

.........................

मिति : २०७४/ /

**विषय: कक्षा ११ अनुमति सम्बन्धमा ।**

श्री ...... ...... ...... ....... **विद्यालय**
...... ...... ...... ....... ..... ।

प्रस्तुत विषयमा त्यस विद्यालयले शैक्षिक सत्र २०७४/०७५ देखि कक्षा ११ सञ्चालन गर्नका लागि अनुमति पाउँ भनी दिएको निवेदन उपर शिक्षा विभागको मिति ................ को निर्णय एवम् यस कार्यालयको मिति ................ को निर्णय अनुसार शिक्षा ऐनको दफा ३ को उपदफा २ वमोजिम शिक्षा ऐन तथा शिक्षा नियमावली अनुसार तोकिएको सर्त बन्देज पालना गर्ने गरी तपसिलका विषयहरुमा शैक्षिक सत्र २०७४/०७५ देखि कक्षा ११ सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ । शैक्षिक सत्र २०७४/०७५ देखि सूचारु रुपमा कक्षा सञ्चालन गर्न हुन अनुरोध छ ।

**अनुमति प्रदान गरिएका विषयहरू :**

**अनिवार्य विषय**

१. Com. Nepali
२. Com. English

**(नमूनाका लागि मात्र)**

**ऐच्छिक विषय**

१. Accountancy
२. Business Studies
३. Economics
४. Population Studies
५. Introducation to Education
६. Instructional Pedagogy
७. ............................

**(नमूनाका लागि मात्र)**

..............................
जिल्ला शिक्षा अधिकारी

**बोधार्थ :**

श्री शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।
श्री राष्ट्रिय परीक्षा वोर्ड, सानोठिमी, भक्तपुर ।
श्री क्षेत्रीय शिक्षा निर्देशनालय, ........................ ।

# अनुमति पत्रको नमूना

## जिल्ला शिक्षा कार्यालय

.........................

मिति : २०७४/ /

**विषय: कक्षा १२ अनुमति सम्बन्धमा ।**

श्री ...... ...... ...... ....... विद्यालय
...... ...... ...... ....... ..... ।

प्रस्तुत विषयमा त्यस विद्यालयले शैक्षिक सत्र २०७४/०७५ देखि कक्षा १२ सञ्चालन गर्नका लागि अनुमति पाउँ भनी दिएको निवेदन उपर शिक्षा विभागको मिति ................ को निर्णय एवम् यस कार्यालयको मिति ................ को निर्णय अनुसार शिक्षा ऐनको दफा ३ को उपदफा २ बमोजिम शिक्षा ऐन तथा शिक्षा नियमावली अनुसार तोकिएको सर्त बन्देज पालना गर्ने गरी शैक्षिक सत्र २०७३/०७४ मा शिक्षा विभागबाट कक्षा ११ मा अनुमति प्राप्त विषयसमुह अन्तरगतका विषयहरुमा कक्षा ११/१२ को पाठ्यक्रम बमोजिम निर्धारण गरिए अनुसारका विषय अध्यापन गराउने गरी शैक्षिक सत्र २०७४/०७५ देखि कक्षा १२ सञ्चालन गर्न अनुमति प्रदान गरिएको छ । शैक्षिक सत्र २०७४/०७५ देखि सूचारु रुपमा कक्षा सञ्चालन गर्न हुन अनुरोध छ ।

.............................

**बोधार्थ :**
श्री शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।
श्री राष्ट्रिय परीक्षा बोर्ड, सानोठिमी, भक्तपुर ।
श्री क्षेत्रीय शिक्षा निर्देशनालय, ........................ ।

# अनुमति पत्रको नमूना

## जिल्ला शिक्षा कार्यालय

.........................

मिति : २०७४/ /

विषय: विषय थपको अनुमति सम्बन्धमा ।

श्री ...... ...... ...... ....... विद्यालय
...... ...... ...... ....... ..... ।

प्रस्तुत विषयमा शैक्षिक सत्र २०७४/०७५ देखि कक्षा ११ मा थप विषयहरू सञ्चालन गर्न अनुमति लागि दिएको निवेदन उपर शिक्षा विभागको मिति ................ गते एवम् यस कार्यालयको मिति ................ को निर्णयानुसार शैक्षिक सत्र २०७४/०७५ बाट त्यस विद्यालयलाई तपसिलका विषयहरू समेत सञ्चालन गर्ने गरी अनुमति प्रदान गरिएको व्यहोरा अनुरोध छ ।

**विषय थपको अनुमति प्रदान गरिएका विषयहरू :**

१. Population Studies
२. Sociology

(नमूनाका लागि मात्र)

..............................
जिल्ला शिक्षा अधिकारी

**बोधार्थ :**

श्री शिक्षा विभाग, सानोठिमी, भक्तपुर ।
श्री राष्ट्रिय परीक्षा वोर्ड, सानोठिमी, भक्तपुर ।
श्री क्षेत्रीय शिक्षा निर्देशनालय, ........................ ।

निर्णय नं.१ अनुसारका विध्यालयहरु (शिक्षा मन्त्रालयको मिति २०७३।१२।३ को निर्णय (मा. मन्त्रीस्तर) मा रहेका प्रावधान तथा कक्षा ११ र १२ का लागि स्वीकृत पाठ्यक्रम तथा प्रचलित ऐन नियमावलीमा रहेका प्रावधान अनुसारका कागजात समावेश गरि जिल्ला शिक्षा कार्यालय र क्षे शि नि बाट सिफारिस भई आएका तपशिलका जिल्ला अन्तरगतका विद्यालयहरुलाई तालिकामा उल्लेखीत कक्षा र विषयमा कक्षा थप, विषयसमुह र विषय थप अनुमति दिन उपयूक्त भएकोले सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट जिल्ला शिक्षा अधिकारीले अनुमति प्रदान गर्ने ।)

| क्र.सं. | जिल्ला | विद्यालय क्र.सं. | विद्यालय नाम र ठेगाना | विद्यालयको प्रकार | कक्षा | विषय समूह | ऐ. विषय | विद्यार्थी संख्या | कैफियत १ | कैफियत २ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुदुरपश्चिमाञ्चल | | | | | | | | | |
| | बझाङ | ५ | नारायण मावि जयपृथ्वी १ | सामुदायीक | ११ | शिक्षा | English<br>Nepali Health & Physical Education<br>Population Studies<br>Instructional Pedagogy<br>Introduction to Education | २५ | | 1 |
| ५ | कञ्चनपुर | ११ | युगज्योती एकेडेमी, पुर्नवास, कञ्चनपुर | संस्थागत | १२ | वाणिज्य | | | ०७३ मा कक्षा ११ अनुमती पाएका विषयसमुह र विषयमा कक्षा १२मा पाठ्यक्रम बमोजिम अध्यापन गराउने । | 1 |
| | कञ्चनपुर | १९ | युनाइटेड पब्लिक सेकेण्डरी स्कुल, भिमदत्त ४ | संस्थागत | ११ | वाणिज्य | Economics<br>Computer Science<br>Accountancy<br>Business Studies | ३४ | Accountancy को शिक्षक नभएको | 1 |

# कक्षा ११ र १२ अनुमति

निर्णय नं.२ अनुसारका विध्यालयरहरु (शिक्षा मन्त्रालयको मिति २०७३।१२।३ को निर्णय (मा. मन्त्रीस्तर) मा रहेका प्रावधान, कक्षा ११ र १२ को लागि स्वीकृत पाठ्यक्रम तथा प्रचलित ऐन नियमावलीमा रहेका प्रावधान अनुसारका कागजात पुरा नभएको देखिएका तपशिलका जिल्लाका विद्यालयहरुको हकमा कैफियत महलमा उल्लेख गरिए अनुसारका प्रावधान र कागजात पुरा गरे पछि मात्र अनुमति प्रदान गर्न सकिने भएकोले संम्बन्धित जिल्ला शिक्षा कार्यालयमा कैफियत महलमा उल्लेखित कागजात र प्रमाण प्राप्त भएपछि मात्र जिल्ला शिक्षा अधिकारीले अनुमति प्रदान गर्ने ।)

| क्र.सं. | जिल्ला | विद्यालय क्र.सं. | विद्यालय नाम र ठेगाना | विद्यालयको प्रकार | कक्षा | विषय समूह | ऐ. विषय | विद्यार्थी संख्या | कैफियत १ | कैफियत २ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुदुरपश्चिमाञ्चल | | | | | | | | | |
| १ | बाजुरा | १ | कैलाशेश्वरी मावि त्रिवेणी नपा ७ | सामुदायीक | ११ | शिक्षा | Sociology<br>English<br>Nepali<br>Mathematics<br>Population Studies<br>Rural Development<br>Business Studies<br>Instructional Pedagogy<br>Introduction to Education | २४ | ०७२/०७३ को ले.प्र.प्रतिवेदन, SEE Ledger नभएको | 2 |
| २ | बझाङ | ३ | मजखोरी मा.वि. लेकगाँउ | सामुदायीक | ११ | शिक्षा | Nepali<br>English<br>Health & Physical Education<br>Rural Development<br>Instructional Pedagogy<br>Introduction to Education | ६३ | ०७२/०७३ को ले.प्र.प्रतिवेदन नभएको | 2 |
| | बझाङ | ४ | थलचौर मावि दुर्गाथली ३ | सामुदायीक | ११ | शिक्षा | Nepali<br>English<br>Population Studies<br>Economics Instructional Pedagogy<br>Introduction to Education | ५८ | M.Ed. गरेको शिक्षक नभएको | 2 |

## कक्षा ११ र १२ अनुमति

| क्र.सं. | जिल्ला | विद्यालय क्र.सं. | विद्यालय नाम र ठेगाना | विद्यालयको प्रकार | कक्षा | विषय समूह | ऐ. विषय | विद्यार्थी संख्या | कैफियत १ | कैफियत २ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | बैतडी | ८ | सरस्वती मावि डिलाशैनी १ | सामुदायीक | ११ | शिक्षा<br>वाणिज्य | Nepali<br>English<br>Mathematics<br>Population Studies<br>Sociology<br>Political Science<br>Economics<br>Accountancy<br>Instructional Pedagogy<br>Introduction to Education | ६१ | Mathematics, Sociology, Population Studies, Political Science, Economics शिक्षक र ०७२/०७३ को ले.प.प्रतिवेदन नभएको | 2 |
| | डडेलधुरा | १० | वैजनाथ मावि अमरगढी २ | सामुदायीक | ११ | शिक्षा<br>वाणिज्य | English<br>Nepali<br>Geography<br>Accountancy<br>Economics<br>Instructional Pedagogy<br>Introduction to Education | ५७ | Accountancy Economics को शिक्षक र ०७२/०७३ को ले.प.प्रतिवेदन नभएको । वाणिज्य विषयसमुहको ऐ.विषय माग नमिलेको । | 2 |
| | कन्चनपुर | १२ | सरस्वती मावि छोटी पर्सीया, लालझाडी | सामुदायीक | ११ | वाणिज्य<br>शिक्षा | Accountancy<br>Business Studies<br>Economics<br>Nepali<br>English<br>Population Studies<br>Mathematics<br>Health & Physical Eduation<br>Computer Science<br>Instructional Pedagogy<br>Introduction to Education | १०३ | Economics, Mathematics, Computer Science शिक्षक नभएको । ०७२/०७३ को ले.प.प्रतिवेदन नभएको । | 2 |

कक्षा ११ र १२ अनुमति

| क्र.सं. | जिल्ला | विद्यालय क्र.सं. | विद्यालय नाम र ठेगाना | विद्यालयको प्रकार | कक्षा | विषय समूह | ऐ. विषय | विद्यार्थी संख्या | कैफियत १ | कैफियत २ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कञ्चनपुर | १३ | कल्याण मावि पौलाह बेलौरी | सामुदायीक | ११ | मानविकी<br>वाणिज्य<br>शिक्षा | English<br>Political Science<br>Accountancy<br>Economics<br>Health & Physical Education<br>Sociology<br>Population Studies<br>Nepali<br>Rural Development | ६८ | Economics, Rural Development, Health & Physical Education, शिक्षक नभएको । ०७२/०७३ को ले.प्रतिवेदन नभएको । वाणिज्य विषयसमुहको ऐ.विषय माग नमिलेको । | 2,3,9 |
| | कञ्चनपुर | १४ | सरस्वती मावि अमरपुर, शुक्लाफाँट | सामुदायीक | ११ | वाणिज्य<br>शिक्षा<br>मानविकी | Accountancy<br>Business Studies<br>Economics<br>Nepali<br>English<br>Health & Physical Eduation<br>History<br>Sociology<br>Computer Science<br>Instructional Pedagogy<br>Introduction to Education | १२५ | History, Health & Physical Eduation, Computer Science<br>शिक्षक नभएको । | 2 |
| | कञ्चनपुर | १५ | सिद्धनाथ मावि ब्रम्हदेव | सामुदायीक | ११ | मानविकी<br>शिक्षा | English<br>Nepali<br>Health & Physical Education<br>Rural Development<br>Sociology<br>Instructional Pedagogy<br>Introduction to Education | ४२ | English<br>Health & Physical Education<br>Rural Development शिक्षक नभएको । ०७२/०७३ को ले.प.प्रतिवेदन नभएको । | 2,3 |

# कक्षा ११ र १२ अनुमति

| क्र.सं. | जिल्ला | विद्यालय क्र.सं. | विद्यालय नाम र ठेगाना | विद्यालयको प्रकार | कक्षा | विषय समूह | ऐ. विषय | विद्यार्थी संख्या | कैफियत १ | कैफियत २ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | कञ्चनपुर | १६ | नोवेल एकेडेमी चाँदनी ८ | संस्थागत | ११ | मानविकी<br>शिक्षा<br>वाणिज्य | English<br>Nepali<br>Health & Physical Education<br>Instructional Pedagogy<br>Introduction to Education<br>Business Studies<br>Economics<br>Accountancy<br>Computer Science | ५३ | Health & Physical Education, Business Studies, English, Accountancy, Computer Science शिक्षक नभएको । विदेशी प्रमाण पत्रको समकक्षता र ट्रान्सक्रिप्ट नभएको । | 2,9 |
| | कञ्चनपुर | १७ | भुवनेश्वर विद्या मन्दिर, गड्डाचौर | संस्थागत | ११ | शिक्षा<br>वाणिज्य | Accountancy<br>Business Studies<br>Economics<br>Hotel Managment<br>Sociology<br>Rural Development<br>Computer Science<br>Instructional Pedagogy<br>Introduction to Education | ३२ | Accountancy, Business Studies, Economics, Hotel Management, Sociology, Rural Development, शिक्षक नभएको । तारे होटलको सम्झौता र ल्याव विवरण नभएको । | 2,9 |

निर्णय नं.३ अनुसारका विध्यालयहरु (शिक्षा मन्त्रालयको मिति २०७३।१२।३ को निर्णय (मा. मन्त्रीस्तर) मा रहेका प्रावधान तथा कक्षा ११ र १२ का लागि स्वीकृत पाठ्यक्रम तथा प्रचलित ऐन नियमावलीमा रहेका प्रावधान पुरा गरेको नदेखिएका (विध्यार्थी संख्या अपुग) तपशिलका जिल्लाका विद्यालयहरुलाई कक्षा ११ र १२ अनुमति, विषय समुह र विषय थप नगर्ने ।

| क्र.सं. | जिल्ला | विद्यालय क्र.सं. | विद्यालय नाम र ठेगाना | विद्यालयको प्रकार | कक्षा | विषय समूह | ऐ. विषय | विद्यार्थी संख्या | कैफियत १ | कैफियत २ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुदुरपश्चिमाञ्चल | | | | | | | | | |
| | बाजुरा | २ | सूजन इ.मेडियम बोर्डिङ्ग स्कूल बुढीनन्दा २ | संस्थागत | ११ | शिक्षा<br>वाणिज्य | Population<br>Mathematics<br>Nepali<br>English<br>Population Studies<br>Health & Physical Education<br>Accountancy<br>Business Studies<br>Instructional Pedagogy<br>Introduction to Education | १३ | Mathematics<br>Nepali, Health & Physical Education, Population Studies शिक्षक नभएको । | 6 |
| ३ | बैतडी | ६ | नेपाल राष्ट्रिय मावि ग्वानी | सामुदायीक | ११ | शिक्षा<br>वाणिज्य | Nepali<br>English<br>Mathematics<br>Population Studies<br>Accountancy<br>Economics<br>Business Studies<br>Instructional Pedagogy<br>Introduction to Education | ४० | Population Studies, Accountancy, Business Studies, Mathematics, Economics को शिक्षक र ०७२/०७३ को ले.प्र.प्रतिवेदन नभएको । भौतिक पूर्वाधार नभएको | 6 |
| | बैतडी | ७ | नेशनल ब्राइटर ऐकेडेमी दशरथचन्द ५ | संस्थागत | ११ | वाणिज्य<br>मानविकि<br>शिक्षा | Accountancy<br>Business Studies<br>Economics<br>Computer Science<br>Instructional Pedagogy<br>Introduction to Education | १३ | Computer Science, को शिक्षक नभएको । भौतिक पूर्वाधार नभएको | 6 |

| क्र.सं. | जिल्ला | विद्यालय क्र.सं. | विद्यालय नाम र ठेगाना | विद्यालयको प्रकार | कक्षा | विषय समूह | ऐ. विषय | विद्यार्थी संख्या | कैफियत १ | कैफियत २ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| ४ | डडेलधुरा | ९ | क्याम्ब्रिज पब्लिक इ. स्कूल अमरगढी ५ | संस्थागत | ११ | वाणिज्य<br>विज्ञान | Accountancy<br>Business Studies<br>Economics<br>Nepali<br>English<br>Physics<br>Chemisty<br>Biology<br>Mathematics | २३ | Chemisty, Biology, Accountancy, Economics शिक्षक र करचुक्ता प्रमाणपत्र नभएको । विज्ञान प्रयोगशाला र भौतिक पूर्वाधार नभएको । | 6 |
| | कञ्चनपुर | १८ | न्यु सरस्वती विद्या मन्दिर, ऐरी | संस्थागत | ११ | शिक्षा<br>वाणिज्य<br>मानविकी | Nepali<br>English<br>Accountancy<br>Social Studies<br>Economics<br>Hotel Managment<br>Mathmatics<br>Computer Science<br>Instructional Pedagogy<br>Introduction to Education | १९ | English, Accountancy, Social Studies, Economics, Hotel Management, Mathmatics, Computer Science, र M.Ed गरेको, शिक्षक नभएको | 6 |

विषयसमूह र विषय थप २०७४

निर्णय नं.१ अनुसारका विध्यालयहरु (शिक्षा मन्त्रालयको मिति २०७३।१२।३ को निर्णय (मा. मन्त्रीस्तर) मा रहेका प्रावधान तथा कक्षा ११ र १२ का लागि स्वीकृत पाठ्यक्रम तथा प्रचलित ऐन नियमावलीमा रहेका प्रावधान अनुसारका कागजात समावेश गरि जिल्ला शिक्षा कार्यालय र क्षे शि नि बाट सिफारिस भई आएका तपशिलका जिल्ला अन्तरगतका विद्यालयहरुलाई तालिकामा उल्लेखीत कक्षा र विषयमा कक्षा थप, विषयसमुह र विषय थप अनुमति दिन उपयूक्त भएकोले सम्बन्धित जिल्ला शिक्षा कार्यालयबाट जिल्ला शिक्षा अधिकारीले अनुमति प्रदान गर्ने ।)

| क्र.सं. | जिल्ला | विद्यालय क्र.सं. | विद्यालय नाम र ठेगाना | विद्यालयको प्रकार | कक्षा ११ | विषय/विषय समूह | ऐ. विषय | विद्यार्थी संख्या | कैफियत १ | कैफियत २ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुदुरपश्चिमाञ्चल | | | | | | | | | |
| १ | डडेलधुरा | | सिताराम मावि परसुराम १० | सामुदायीक | ११ | शिक्षा | Population | | | 1 |

निर्णय नं.२ अनुसारका विध्यालयरहरु (शिक्षा मन्त्रालयको मिति २०७३।१२।३ को निर्णय (मा. मन्त्रीस्तर) मा रहेका प्रावधान, कक्षा ११ र १२ को लागि स्वीकृत पाठ्यक्रम तथा प्रचलित ऐन नियमावलीमा रहेका प्रावधान अनुसारका कागजात पुरा नभएको देखिएका तपशिलका जिल्लाका विद्यालयहरुको हकमा कैफियत महलमा उल्लेख गरिए अनुसारका प्रावधान र कागजात पुरा गरे पछि मात्र अनुमति प्रदान गर्न सकिने भएकोले सम्बन्धित जिल्ला शिक्षा कार्यालयमा कैफियत महलमा उल्लेखित कागजात र प्रमाण प्राप्त भएपछि मात्र जिल्ला शिक्षा अधिकारीले अनुमति प्रदान गर्ने ।)

| क्र.सं. | जिल्ला | विद्यालय क्र.सं. | विद्यालय नाम र ठेगाना | विद्यालयको प्रकार | कक्षा ११ | विषय/विषय समूह | ऐ. विषय | विद्यार्थी संख्या | कैफियत १ | कैफियत २ |
|---|---|---|---|---|---|---|---|---|---|---|
| | सुदुरपश्चिमाञ्चल | | | | | | | | | |
| २ | कञ्चनपुर | | लक्ष्मी मा वि जबदिया बेलौरी | सामुदायीक | १२ | शिक्षा | Sociology | | लखा परीक्षण प्रतिवेदन नभएको । | 2 |